


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

समृद्ध नेपाल सुखी नेपाली, समाजिक सेवा सबैको जिम्मेवारी ।

नेपाल सकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन २३ गते आइतबार ❑ 7 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रतिनिधिसभाको सातौँ अधिवेशन आइतबारदेखि शुरु

**रासस**
**काठमाडौँ, २२ फागुन**

सरकारको नेतृत्व गरिरहेको नेपाल कम्युनिष्ट पार्टीभित्रको विवाद उत्कर्षमा पुगिरहेको बेला प्रतिनिधिसभाको सातौँ अधिवेशन आइतबारदेखि शुरुआत हुँदैछ।

संवैधानिक व्यवस्थाअनुसार सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधिसभाको पहिलो बैठक फागुन २३ गते अपराह्न ४ बजेका लागि आह्वान गरेकी छन् । सर्वोच्च अदालतको प्रतिनिधिसभा पुनःस्थापनाको आदेशानुसार प्रतिनिधिसभाको सातौँ अधिवेशन बस्न लागेको हो । यसअघि नेकपाभित्रको विवाद तीव्र भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले गत पुस ५ गते प्रतिनिधिसभा भङ्ग गरी निर्वाचनको घोषणा गरेका थिए।

सङ्घीय संसद्को वर्षे र हिउँदे अधिवेशनबीच छ महिनाभन्दा बढी समय खाली हुन नहुने संवैधानिक व्यवस्था छ । प्रतिनिधिसभाको छैटौँ अधिवेशन गत असार १७ गते अन्त्य भएको थियो। राष्ट्रियसभाको सातौँ अधिवेशन भने पुस १७ गते नै आह्वान भई केही दिन चलेपछि अन्त्य भएको थियो । नेपालको संविधानले स्थायी, प्रबुद्ध समूहको प्रतिनिधित्व रहने माथिल्लो सदनका रूपमा राष्ट्रियसभा र तल्लो सदनका रूपमा प्रतिनिधिसभा रहने व्यवस्था गरेको छ । अधिवेशन सञ्चालन गर्न अपनाउनुपर्ने स्वास्थ्य मापदण्ड, प्राविधिक तथा भौतिक पूर्वाधार व्यवस्थापनको पूर्ण तयारी पूरा भएको प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिए । सचिवालयले गत पुसमै अधिवेशनका लागि आवश्यक तयारी गरिसकेकाले अहिले सामान्य सरसफाइ र कोभिड-१९ निःसङ्क्रमणको व्यवस्थापन गरेको हो।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को आधिकारिकताका विषयमा विवाद भई दुवै पक्षले आ-आफ्ना संसदीय दलका नेता र प्रमुख सचेत घोषणा गरिहेको अवस्थामा हुन लागेको अधिवेशनलाई अरू राजनीतिक दल र आम जनताले निकै चासोका साथ हेरिरहेका छन्।

नेकपा संसदीय दलका नेता एवं प्रधानमन्त्री केपी शर्मा ओलीले केही दिनअघि दलका मुख्य सचेतकमा विशाल भट्टराईलाई नियुक्त गरेका छन्। दाहाल-नेपाल नेतृत्वमा रहेको नेकपा समूहले संसदीय दलको नेतामा पार्टी अध्यक्ष पुष्पकमल दाहाल र प्रमुख सचेतकमा देवप्रसाद गुरुङलाई चयन गरिएको सूचना संसद् सचिवालयलाई दिएको जानकारी गराएको छ। यद्यपि दलसम्बन्धी उक्त विवादको निरुपण भने निर्वाचन आयोगबाट मात्र हुने प्रतिनिधिसभा, सुनुवाई समितिका सभापति लक्ष्मणलाल कर्णले बताए। उनले भने "दल सम्बन्धी विवादको छिनोफानो प्रतिनिधिसभाको बैठकबाट नभई निर्वाचन आयोगबाटै हुन्छ। जनताका जल्दाबल्दा आवाज सुन्ने र त्यसलाई सम्बोधन गराउने सरकारको ध्यानाकर्षणको काम भने सदनले गर्नेछ ।" अहिले प्रतिनिधिसभामा नेकपाका सभामुखसहित १७३, नेपाली कांग्रेसका ६१, जनता समाजवादी पार्टी (जसपा)का ३२ सांसदको प्रतिनिधित्व छ । नेकपाका सानु शिवाको निधनपछि एक पद रिक्त छ भने कांग्रेस र जसपाका दुईदुई सांसद अदालतको आदेशानुसार निलम्बनमा छन् । विधेयक अधिवेशनका रूपमा रहने यो हिँउदे अधिवेशनले प्रतिनिधिसभामा विचाराधीन रहेको ३८ विधेयकलाई अघि बढाउन सक्ने कार्यदेश छ। संवैधानिक व्यवस्थानुसार राष्ट्रिय जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल मजदूर किसान पार्टीका एकएक तथा हुम्लाबाट प्रतिनिधित्व गर्ने छक्कबहादुर लामा स्वतन्त्र सांसदका रूपमा प्रतिनिधिसभामा हुनुहुन्छ। मुलुकको पछिल्लो राजनीतिक घटनाक्रमका आधारमा निकै अर्थपूर्ण ढङ्गबाट हेरिएको प्रतिनिधिसभाको आगामी बैठकमा सभामुखसहित २७० सांसद सहभागी हुन सक्ने देखिन्छ। यसअघिका अधिवेशन जस्तै पहिलो बैठकमा राष्ट्रपति कार्यालयबाट अधिवेशन आह्वानसम्बन्धी पत्र वाचन र प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका शीर्ष नेताले शुभकामना मन्तव्य दिनुहुने बताइएको छ । यद्यपि कार्यव्यवस्था परामर्श समितिको अधिवेशन प्रारम्भ हुन अघि बस्ने बैठकले कार्यसूचीलाई अन्तिम रुप दिनेछ । नेकपाका सांसद कृष्णभक्त पोखरेल अधिवेशनको पहिलो दिन राष्ट्रपतिको सदन आह्वानसम्बन्धी सन्देश वाचन, विगतमा जारी भएका अध्यादेश अनुमोदनका लागि प्रस्तुत, दलका शीर्ष नेताको शुभकामना मन्तव्य र यसबीचमा निधन भएका सांसद तथा पूर्वसांसदको सम्मानमा शोक प्रस्ताव प्रस्तुत जस्ता विषय कार्यसूचीमा हुन सक्ने जानकारी दिए।

भूगोल र जनसङ्ख्याका आधारमा कायम गरिएको निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीद्वारा निर्वाचित १६५ तथा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित ११० समेत गरी प्रतिनिधिसभा २७५ सदस्यीय रहने संवैधानिक व्यवस्था छ। हिउँदे अधिवेशन सरकारले दिने 'बिजनेस' र सदनका गतिविधिका आधारमा कति समय चल्छ भन्ने निर्धारण हुने छ।

## सामाजिक विकासमा कोभिड १९ को महामारीका कारण उत्पन्न आर्थिक शिथिलताको प्रभाव : मन्त्री पुन

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**



गण्डकी प्रदेशकी सामाजिक विकास मन्त्री नरदेवी पुनले कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण उत्पन्न आर्थिक शिथिलताको प्रभाव सामाजिक विकासका हरेक क्षेत्रहरुमा परेको बताएकी छिन्।

आफ्नै मन्त्रालयमा आयोजित "अपाङ्गता भएका विद्यालयहरुको शिक्षण सिकाइमा प्रविधिको प्रयोग, प्रबोधिकरण तथा सामाग्री हस्तान्तरण" कार्यक्रममा बोल्दै उनले यस्तो बताएकी हुन् । उनले भनिन्, "अघिल्लो साल जस्तै यसपटक बजेट पाउने सम्भावना अलि कम छ, किनभने अहिले कोरोनाको कारणले गर्दा आर्थिक शिथिलता आएको छ, गण्डकी प्रदेश सरकारले कति बजेट पाउँछ, र त्यसभित्र पनि सामाजिक विकास मन्त्रालयले कति बजेछ पाउँछ, त्यसलाई हेरेर मात्र बजेटिङ् गर्नुपर्छ ।" तर, पनि आफुहरु पहिलो हुने अभियान सुरु गरेको बताउदै उनले अपाङ्गताको क्षेत्रलाई सम्बोधन गर्ने गरि आवश्यक प्रबन्ध मिलाउने विश्वास दिलाईन् । अपाङ्गता भएका बालबालिकाहरुको शिक्षण अभ्यासमा सहयोग गर्नेगरि तयार गरिएका प्रविधिमा आधारित शिक्षण सामाग्रीहरुको प्रभावकारी उपयोगमा उनले जोड समेत दिईन् । त्यसका लागि शिक्षकहरुलाई थप तालिमको व्यवस्था गरिने उनले बताईन्।

शैक्षिक तालिम केन्द्र दमौलीका प्रमुख नेपालहरी रानाभाटले शिक्षण सिकाइमा प्रविधिको प्रयोगलाई यथोचित उपयोगका लागि सम्बन्धित सरोकारवालाहरुको ध्यान जानुपर्ने बताए। शिक्षकहरुका लागि आवश्यक प्रविधिमैत्री तालिम र शिक्षण सामाग्रीहरुको प्रभावकारी उपयोगले मात्र अपेक्षित परिणाम प्राप्त गर्न सकिने उनले बताए। नेपाल नेत्रहिन संघका केन्द्रिय अध्यक्ष रमेश पोखरेलले अपाङ्गताका क्षेत्रमा काम गर्ने शिक्षकहरुलाई सरकारी तवरबाट आवश्यक तालिम र सुविधायुक्त आकर्षणको व्यवस्था गरिनु पर्ने बताए । अपाङ्गताको क्षेत्रमा आकर्षण भन्दा धैरै जटिलताहरु रहेको उल्लेख गर्दै उनले यस प्रकारका योजनाहरु तत्काल आवश्यक रहेको बताएका हुन् । गण्डकी प्रदेशका प्रदेशसभा सदस्य मिन बहादुर गुरुङ्ले अपाङ्गताको क्षेत्रलाई प्राथामिकीकरण गरि योजनाहरु निर्माण गर्ने र सो अनुकलका कानुनहरु निर्माणमा आफ्नो पहलकदमी रहने विश्वास दिलाए। गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले अहिले बौद्धिक अपाङ्गता, दृष्टिविहिन र बहिरा बालबालिकाहरुका लागि आवश्यक प्रविधिमा आधारिक शैक्षिक सामाग्रीहरु निर्माणको काम गरिरहेको छ। बहिरा बालबालिकाहरुको लागि शैक्षिक तालिम केन्द्र दमौलीको सहयोग तथा श्री सृजना बहिरा आवासिय माध्यमिक विद्यालय लेखनाथको समन्वयमा केभसिटी मिडिया प्रा.लिले भर्चुअल शिक्षण सामाग्रीको निर्माण गरिरहेको छ।

## स्थानीय सरकार र नागरिक समाजको सहकार्य अपरिहार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

सामुदायिक मेलमिलापकर्ता समाज नेपाल, कास्कीको संयोजनमा आज पोखरामा आयोजित नागरिक समाज तथा सामाजिक सङ्घसंस्था र स्थानीय सरकारबीच समन्वय र सहकार्य विषयक संवाद कार्यक्रममा स्थानीय सरकार र नागरिक समाजको सहकार्य अपरिहार्य भएकामा जोड दिइएको छ। लुम्बिनी विकास नागरिक सरोकार मञ्च (एलडिसिएफ), लोकतन्त्र तथा निर्वाचन सरोकार नेपाल (डेकोन) तथा सुशासन तथा विकास प्रतिष्ठान (आइजिडी)को सहकार्यमा आयोजित कार्यक्रममा संविधानले स्थानीय तहलाई राज्यको शासकीय अधिकार प्रयोग गर्ने हैसियत दिइसकेको बताउँदै वक्ताहरूले स्थानीय सरकार र नागरिक समाज एक अर्काबीच समन्वय गर्दै अघि बढ्नुपर्ने आवश्यकता औँल्याए।

सुशासन तथा विकास प्रतिष्ठान नेपालका निर्देशक डा मुक्ति रिजालले संविधानतः प्राप्त अधिकारको उपयोगका सन्दर्भमा स्थानीय सरकारलाई जनउत्तरदायी बनाउन नागरिक समाजले महत्वपूर्ण भूमिका खेल्न सक्ने बताए। सुशासन तथा विकास प्रतिष्ठानका वरिष्ठ कार्यक्रम अधिकृत महेन्द्र लम्सालले स्थानीय सरकार र नागरिक समाजबीच राम्रो सहकार्य भएमा स्थानीय रूपमा हुने विकास निर्माणलगायत हरेक कामलाई प्रभावकारी बनाउन सकिने उल्लेख गरे।

## गण्डकी प्रदेशका १७ बैंकमा ४ हजार जनाको विना ब्याजमा ऋण माग्ने आवेदन

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

कोरोनाबाट प्रभावित भएका गण्डकी प्रदेशका व्यवसायीहरु मध्य ४ हजार भन्दा बढीले विना ब्याजमा ऋण माग गरेका छन्।

सन राइज बैंक बाहेक १७ वटा बैंकमा विना व्याजमा ऋण माग्नेहरु शुक्रबार सम्म ४ हजार वटा संघ संस्थाहरुको आवेदन परेको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका सहायक निर्देशक ऋषिराम ढकालले बताए।

प्रदेश सरकारले विनियोजन गरेको एक अर्बको व्यवसायी जीवन रक्षा कोषबाट विना ब्याजमा ऋण माग्नेहरुलाई उत्त तोकेका बैंकले कर्जा उपलब्ध गराउने भएको उनले जनाए। प्रदेश सरकारले न्यूनतम ५० हजार देखि १५ लाखसम्म विना व्याजमा कर्जा उपलब्ध गराउने गरी पोखरा सहित गण्डकी प्रदेशका १८ वटा बाणिज्य बैंकहरुलाई जिम्मा दिएको थियो।

पहिलो चरणमा विभिन्न बैंकमा उक्त सङ्ख्यामा विना व्याजमा कर्जा माग गरेको एक मुस्ट सङ्ख्या मात्र बैंकहरुले रिपोर्ट दिएकोले अबको केही दिन पछि क्षेत्रगत रुपमा कति आवेदन परेको त्यसको रिपोर्ट समेत आउने ढकालले जनाए। प्रदेश सरकारले कोरोनाको मारमा परेका साना तथा मझौला व्यवसायीलाई लक्षित गरी ५० लाख पूंजि भएकाहरुको लागि मात्र उत्त राहत उपलब्ध गराएको गण्डकी प्रदेशको निती तथा योजना आयोगका उपाध्यक्ष डा.गिरीधारी शर्माले बताए । प्रदेश सरकारले राष्ट्र बैंकको नाममा खाता खोलेर सम्बन्धित बैंकहरुलाई आवश्यक कर्जाको व्याज

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा बन्नुमा बाहिरबाट आएकाको योगदान : मन्त्री चुमान

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री हरिबहादुर चुमानले पोखरा बनाउनुमा जिल्ला बाहिरबाट आएका मानिसहरुको योगदानले सम्भव भएको बताएका छन्।

पाल्पाली समाज पोखराको शनिबार १८ औं साधारणसभा तथा १० अधिवेशन उद्घाटन समारोहमा बोल्दै प्रमुख अतिथि मन्त्री चुमानले सो कुरा बताएका हुन्। उनले पाल्पाली समाजले गरेका गतिविधिको अन्यले पनि सिको गर्नुपर्ने सुझाव दिँदै विगतमा पाल्पामा घुमेको स्मरण गरे। पूर्व मन्त्री एवं वरिष्ठ उद्योगपति एवं समाजसेवी हरि पाण्डेले पाल्पा जन्मस्थल भएको नाताले आफूले छात्रवृत्ति कार्यक्रम ल्याएको जानकारी दिँदै मातृभूमिको लागि केही न केही गर्नुपर्ने सुझाव दिए। नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले हिजोको वैभवशाली पाल्पा पछिल्लो समय एक्लिदै गएको बताउँदै पाल्पाको विकासका लागि समाजको महत्वपूर्ण भूमिका हुने बताए । सो अवसरमा समाजको हितमा आ-आफ्नो क्षेत्रमा रहेर योगदान पुऱ्याएकोमा ७ जनालाई




सम्मान गरिएको थियो । सम्मानित हुनेमा समाजमा सल्लाहकार जनपुकार मुनंकमी, महेश रानाभाट, चन्द्रप्रसाद काफ्ले, श्याम कुँवर, खेम सारु, निवर्तमान अध्यक्ष बावुराम खनाल र प्रेस सल्लाहकार विजय नेपाल छन्। सो अवसरमा समाजबाट प्रकाशित पाल्पाली स्मारिका 'पाल्पाली चौतारो-२०७७' मन्त्री चुमानले विमोचन गरे। स्मारिका सम्पादक विजय नेपालले स्मारिकामा ४४ जनाको लेखरचनासहित समाजको गतिविधि समेटिएको भन्दै प्रकाशनबारे जानकारी दिएका थिए । श्याम कुँवर संयोजक रहेको स्मारिका प्रकाशन उपसमितिमा विजय नेपाल तथा सदस्य खेम सारु, भरत कोइराला, केशव नेपाल र अनिता घिमिरे छन्। समाजका अध्यक्ष कुलप्रसाद घिमिरेको अध्यक्षतामा भएको समारोहमा सम्मानित व्यक्तित्वतर्फबाट जनपुकार मुनंकमी, पाल्पाली बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष चिरञ्जीवी श्रेष्ठ, सल्लाहकार डा. यज्ञमान शाक्य, पूर्व अध्यक्ष जगदीश गौतम, ताराप्रसाद पोखरेल, समाजका संस्थापक सचिव लोकनाथ काफ्ले, सहकारीका कानुनी सल्लाहकार विष्णुप्रसाद लम्सालले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

समाजका अध्यक्ष कुलप्रसाद घिमिरेले आफ्नो ३ वर्ष कार्यकालमा करिब ६५ कार्यक्रम गरेको जनाउँदै सहयोगीलाई मायाको चिनो प्रदान गरेका थिए । स्वागत प्रथम उपाध्यक्ष रेशम थापा रचक र संचालन महासचिव श्रीधर पराजुलीले गरेका थिए। बन्दसत्रमा महासचिव पराजुली र कोषाध्यक्ष सञ्जय आत्रेयले प्रतिवेदन पेस गरेका थिए।

पाल्पाली समाज पोखरा अध्यक्षमा रेशम थापा रचक सर्वसम्मत अध्यक्ष चयन भएका छन् । समाजको शनिबार १८ औं साधारणसभा तथा १० औं अधिवेशनले उनको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत् चयन गरेको हो । समाजको निवर्तमान अध्यक्षमा कुलप्रसाद घिमिरे, प्रथम उपाध्यक्ष बालचन्द्र परियार, द्वितीय उपाध्यक्ष श्रीधर पराजुली, तृतीय उपाध्यक्ष अनन्त अधिकारी, महासचिव केशव नेपाल, सचिव सञ्जय आत्रेय, सहसचिव युमाया पचभैया, कोषाध्यक्ष उमा सापकोटा, सहकोषाध्यक्ष गिरिराज पोखेल छन्।

यस्तै, सदस्यमा रेनुका बज्राचार्य, गीतादेवी शर्मा, दामोदर बस्याल, पिताम्बर तिमिल्सिना, पदमप्रसाद पोखेल, वर्षा श्रेष्ठ, धनबहादुर भ्रेंडी, सुमन आचार्य, रमेशकुमार पौडेल, सुशीला थापा कुँवर र किरण पाण्डे छन्। समितिको कार्यकाल २ वर्षको हुनेछ। समाजका सल्लाहकार नारायणप्रसाद पौडेलको संयोजकत्वको निर्वाचन समिति सदस्यमा ताराप्रसाद पोखरेल र माधवी पाण्डेय थिए।



# अन्तरविद्यालय हाजिरी जवाफ प्रतियोगितामा चिल्ड्रेन्स एकेडेमी प्रथम

**विनय पौडेल**
**पोखरा, २२ फागुन**

नेशनल प्याक्सन कास्कीले आयोजना गरेको अन्तरविद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगितामा चिल्ड्रेन्स एकेडेमी प्रथम भएको छ।



प्रतियोगितामा चिल्ड्रेन्स एकेडेमीका ममता खत्री, आयुषा गुरुङ, राज अधिकारी, निरज कुमालको समूह प्रथम भएका हुन्। मर्निङ ग्लोरी एकेडेमी स्कूलका सुषान तिवारी, स्मृति अधिकारी, रचित सापकोट र आयुषा गिरीको समूह द्धितीय भए। कास्की मोडनाइज्ड एकेडेमीका विज्ञान गुरुङ, सेरोन गुरुङ, सोहन सुवेदी र कृष्टीना सापकोटाको समूह तृतीय भए भने अञ्जुली वोर्डिङ स्कूलका मिनष पुन, प्रमिस अधिकारी, प्रेजन अधिकारी र सन्तोषी ढकाल सान्त्वना भए। विजयी समूहलाई कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगर पालिका शिक्षा महाशाखाका सहायक प्रमुख वसन्तराज पौडेल, एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी, प्रथम उपाध्यक्ष शिवदत्त तिवारी, द्धितीय उपाध्यक्ष केशवशरण पौडेल, कार्यक्रम संयोजक राजु कायस्थ सदस्य सञ्जय पौडेलले ट्रफी मेडल र प्रमाणपत्र वितरण गरेका थिए। नेशनल प्याक्सनमा आवद्ध ३१ विद्यालय सहभागिता रहेको उक्त प्रतियोगिता दुई दिन सम्म चलेको थियो। कार्यक्रममा बोल्दै पोखरा महानगर पालिका शिक्षा महाशाखाका सहायक प्रमुख वसन्तराज पौडेलले प्रतियोगिताले विद्यर्थीलाई सिकाईको अवसर मिलेको बताए। नेशनल प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन अतिरिक्त क्रियाकलाप प्रमुख राजु केसीले गरेका थिए।

# पोखरा म्याराथन अन्तर्गत ह्विल चियर र दृष्टिविहिन दौड सम्पन्न

**सुदिप शर्मा पौडेल**
**पोखरा, २२ फागुन**

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था भूतपूर्व खेलाडी मञ्चको आयोजनामा शनिवार ह्विल चियर र दृष्टि विहिन महिला तथा पुरुष दौड सम्पन्न भएको छ।




"१५ औं सफल पोखरा अन्तर ाष्ट्रिय म्याराथन" अन्तर्गत सम्पन्न प्रतियोगितामा ह्विल चियर पुरुषतर्फ शुरेस गौली प्रथम भएका छन भने भरत अधिकारी दोस्रो र भरत विक्रम वानियाले तेश्रो स्थान हात पारेका छन। उनीहरुले क्रमश नगद ७, ५ र ३ हजार सँगै मेडल तथा प्रमाणपत्र प्राप्त गरे। ह्विल चियर महिला दौडतर्फ अन्जु बराल प्रथम भइन भने प्रवित्रा विक दोस्रो र धना मगरले तेश्रो स्थान हात पारेकी छन। महिला ह्विल चियर दौडतर्फ विजेताले क्रमश नगद ७, ५ र ३ हजारका साथमा मेडल तथा प्रमाणपत्र हात पारे। यसै गरी दृष्टि विहिन पुरुष दौडतर्फको उपाधि सुनिल राना मगरले हात पारे। उनले उपाधि सँगै नगद ७ हजारका साथमा मेडल र प्रमाणपत्र प्राप्त गरेका छन। त्यसै गरी सोही स्पर्धामा प्रमोद दाहाल दोश्रो र प्रेम क्षेत्रीले तेश्रो स्थान हात पारे। उनीहरुले दुवैले क्रमश ५ हजार र ३ हजारका साथमा मेडल र प्रमाणपत्र गरे। महिला दृष्टि विहिन दौडतर्फ विनिता पुन प्रथम भइन भने माया गौतमले दोश्रो स्थान र सृजना परियार तेश्रो स्थान प्राप्त गर्दै क्रमश नगद ७, ५ र ३ हजारका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गर्न सफल भए। विजेताहरुलाई राष्ट्रिय खेलकूद परिषदका सदस्य सम्पन्न श्रेष्ठ, गैर आवाशिय नेपाली संघ यूकेका पूर्व अध्यक्ष मुछेत्र गुरुङ, पश्चिमाञ्चल क्षेत्रिय खेलकूद विकास समितीका कार्यालय प्रमुख लक्ष्मण प्रसाद योगी लगाएतले नगद, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए।

यस अघि कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले प्रतियोगिताका निर्णायकहरुलाई झण्डा हस्तान्तरण गरी प्रतियोगिताको उद्घाटन गरेका थिए।

यसै गरी १५ औं सस्करणको पोखरा म्याराथनलाई यूकेको वृहद सामाजिक संस्था तमु धिं एशोसियसन यूकेले नगद २ लाख ७० हजार सहयोग गरेको छ। उक्त संस्थाका कोषाध्यक्ष एवम समाजसेवी कमल गुरुङले भूतपूर्व खेलाडी मञ्च नेपालका अध्यक्ष तेज गुरुङलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरेका छन। सोही कार्यक्रममा उक्त संस्थाका लागि नेपालका प्रतिनिधी मेजर लक्ष्मी प्रसाद गुरुङले प्रतियोगिताका लागि नगद १५ हजार सहयोग गरेका छन। कार्यक्रममा सहारा यूकेका सल्लाहाकार लालकाजी गुरुङ र घान्द्रुक समाज यूकेका अध्यूक्ष अर्जुन गुरुङको समेत सहभागिता रहेको थियो।

## गण्डकी ...

रकम उपलब्ध गराउने भएको उनले जनाए। बैंकहरुले अब जति सक्दो छिटो कर्जा उपलब्ध गराउन आफुहरुले आग्रह गरेको उपाध्यक्ष डा. शर्माले बताए। विना व्याजमा कर्जा उपलब्ध गराउने अब जिम्मा बैंकहरुलाई नैं दिएकोले बैंकहरुले उचित ढंगले उत्त राहत उपलब्ध गराउन उनले आग्रह गरे। गण्डकी प्रदेशमा करिब एक लाख जसो साना ठुला व्यवसायीहरु भएको उपाध्यक्ष डा. शर्माले दाबी गरे। उनका अनुसार प्रदेशमा फेन्सि र खाद्य सामाग्रिका पसलहरु ६० प्रतिशत जसो रहेका छन भने होटल रेष्टुरेण्ट ८ हजार, सेवा क्षेत्र ५ हजार बाँकी अन्य व्यवसाय रहेको छ। हाल विना व्याजमा कर्जा माग्नेहरु फेन्सि र खाद्य सामाग्रिका पसलहरु बाहेक करिब २० देखि २५ प्रतिशत जसो मात्र रहेको उपाध्यक्ष डा. शर्माले दाबी गरे।

# नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशको आठौं वार्षिकोत्सव सम्मान तथा छलफल कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशको आयोजनामा नेपाल सुनचाँदी व्यवसायी महासंघको आठौं वार्षिकोत्सव सम्मान तथा छलफल कार्यक्रम नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशका सभापति चन्द्रकिसोर गौतमको अध्यक्षतामा सम्पन्न भएको छ।




उक्त कार्यक्रमका प्रमुख अतिथि महासंघका निर्वतमान अध्यक्ष मोहन कुमार सुनारले सरकारले दिएको कोटा प्राणालीको सुनले व्यवसायीहरुको माग धान्न सकिरहेको छैन। व्यवसायीहरु अव सटर लगाएर सडकमा आउन लागेका छन्। छिटो भन्दा छिटो व्यवसायीहरुको माग सम्बोधन गरी सुनको कोटा बढाउन वाणिज्य मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्नु हुदैं सदस्यता र स्थानका आधारमा विवरण गर्दा सबै व्यवसायीहरुकोमा पुग्ने छ। जो ठूला र विदेश गर गहना निर्यात गर्ने व्यवसायीहरु आयत गर्न दिनका लागि नियमावली बनेको छ र त्यसलाई कार्यान्वयन गर्न माग गरेका छन् उनले बताए।

विशेष अतिथि महासंघका उपाध्यक्ष निर्मल विश्वकर्माले कोरोनाका कारण व्यवसायी बल्ल व्यापारमा फर्किदा सुन अभाव भएको छ। यसको समाधान गर्न सबै लाग्नुपर्ने बताए। त्यसैगरी महासंघका उपाध्यक्ष दुर्गा बहादुर सुनारले हिजोदेखि गरगहना क्षेत्रमा लागेका व्यवसायी सरकारको अनुदार नितिका कारण तहसनहस हुन पुगेको बताए। गण्डकी प्रदेशका सभापति चन्द्र किसोर गौतमले प्रदेशको निर्वाचन पछि प्रदेशका सदस्यहरुको हितमा काम गर्दै आएको र अव व्यवसायीको लागि काचो सुनको अभाव सृजना भएकोले प्रदेश उद्योग पर्यटन वाणिज्य वन मन्त्री माननीय विकास लम्सालालाई यस बारेमा ज्ञापन पत्र बुझाई सकिएको छ। र छिट्टै समस्याको सम्वोधन हुने बताए। अव व्यवसायी र कालीगढहरु विभिन्न प्रकारका प्रशिक्षण दिन सक्षम बनाउदै लाने छौं। गुणस्तरीय गरगहना उत्पादन विक्री वितरणको निर्देशिका छिटो भन्दा छिटो पारित गर्नुपर्ने कालीगढ उत्पादन र शिप विकासको लागि समाजिक विकास मन्त्री माननीय नरदेवी पुनलाई भेटी अवधारणा बुझाएको जनाकारी गराए। अव व्यवसायका हकहितका लागि रहने पनि बताए।

मन्तव्यका क्रममा महासंघका सचिव केश बहादुर सुनार कास्की जिल्ला अध्यक्ष राजेशमा बुद्धाचार्य, लमजुङ जिल्ला अध्यक्ष देवबहादुर वि.क., बागलुङ जिल्ला अध्यक्ष युवाराज राजभण्डारी, कास्कीका महासचिव तारा गौतम, तनहु उपाध्यक्ष विकास वि.क., दुर्गा सुनार, सन्तोष सुनार लगायतले आफ्नो धारणा राखेका थिए।

सोही कार्यक्रममा महासंघको तेस्रो अधिवेशनबाट केन्द्रीय पदमा निर्वाचित हुने उपाध्यक्ष दुर्गाबहादुर सुनार, निर्मल विश्वकर्मा, सचिवमा केशबहादुर सुनार, बाबुराम विश्वकर्मा साथै सदस्यमा मनकाजी विश्वकर्मा, सुदेशचन्द्र राजभण्डारी, निर्मल दियाली, तेजबहादुर सुनार, कृष्ण सुनार, राजेन्द्र विश्वकर्मा, अमर घताने, भीम रुपा संकर, गोविन्द सुनार, कास्की का.स.का निर्वाचित कार्य समितिलाई सम्मान गरिएको थियो। कार्यक्रमको संचालन सचिव रविन विश्वकर्माले गरेका थिए भने स्वागत मन्तव्य उपसभापति जिवन कुमार विश्वकर्माले गरेका थिए।

## गण्डकीमा सन्तोष र जूना मनोनित




नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशको ८ औं वार्षिकोत्सवमा महासंघको गण्डकी प्रदेश कार्यसमिति सदस्यमा सन्तोष सुनार र जूना सुनारलाई मनोनीत गरिएको छ। उनीहरु दुवैजना कास्कीका व्यवसायी हुन्। त्यसैगरी कास्कीकै हरि धमला, विमलमान गुभाजु र लोकेश सुनार तथा म्याग्दीका कमल विश्वकर्मा र लमजुङका बमबहादुर विश्वकर्मा आमन्त्रित सदस्य मनोनीत भएका छन्।

# ओझाको संयोजकत्वमा हाम्रो बेगनासताल, राम्रो बेगनासताल प्रवर्द्धन अभियान समूह गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

हामी र हाम्रो सान, बेगनासताल हाम्रो आँगन" भन्ने नाराका साथ शनिवार एक सम्पन्न एक भेलाले हाम्रो बेगनासताल, राम्रो बेगनासताल प्रवर्द्धन अभियान समूह गठन गरेको छ।



बेगनासताललाई माया गर्ने विभिन्न उमेर समूहका व्यक्तिहरुको भेलाले नवराज ओझाको संयोजकत्वमा प्रवर्द्धन तथर्द समिति गठन गरेको हो। तदर्थ समितिको सदस्यमा बुद्धिप्रसाद सुवेदी, महेश पौडेल, प्रकाश लामिछाने, रमेश बञ्जरा, केशव आचार्य, विनोद थापा, गोविन्द जलारी, हरि बहादुर थापा, सुरेन्द्र बाबु तिवारी, राम बहादुर रानाभाट, निराजन बराल, रोशन खनाल र नवराज सापकोटा रहेका छन्। यसैगरी अभियानको सल्लाहकारमा डा इन्द्र तिवारी, डिल्लीरमण तिवारी, कृष्णप्रसाद ढुंगाना, ध्रुवनाथ अधिकारी र दुर्गाप्रसाद अधिकारी रहेका छन्। बृहत भेलाले तदर्थ समितिलाई विधान तयारी, संस्थाको आगामी उद्देश्य, बेगनास र वरीपरिको क्षेत्रको पर्यटन प्रवर्द्धन र सामाजिक क्रियाकलापका बिषयमा योजना बनाउन म्यान्डेट दिएको छ। पोखरा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकमध्ये थोरैको मात्र बेगनासताल गन्तव्य भएको सन्दर्भमा बसाई लम्व्याउन विभिन्न निकायसँग छलफल र अन्तरक्रिया तथा बृहत्तर बेगनासको विकासका लागि सम्वन्धित निकायको ध्यानाकर्षण गरिने अभियानका संयोजक नवराज ओझाले जानकारी दिए। राजनिति भन्दा टाढा रहेर सामूहिक एजेण्डामा अभियानले काम गर्ने हाम्रो बेगनासताल राम्रो बेगनासतालका अभियन्ता महेश पौडेलले जानकारी दिए। यसअघि कार्यक्रममा स्थानीय कृष्णप्रसाद ढुंगाना, नवराज ओझा, बुद्धि प्रसाद सुवेदी, महेश पौडेल लगायतले अभियानको बारेमा बोलेका थिए।





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथैं अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथैं मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

मुस्कान सर्वमान्य स्वागत हो ।
–म्याक्स इस्टम्यान

## सम्पादकीय

# शान्तिपूर्ण राजनीतिको परीक्षामा विप्लव

नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी शान्तिपूर्ण राजनीतिमा आएको छ। सरकार र विप्लव नेतृत्वको नेकपा बीच तीन बुँदे सहमति गरेर शान्तिपुर्ण राजनीतिमा आएर जनताको मन जितेको छ । माओवादी जनयुद्धका योद्धा विप्लव पुष्प कमल दाहाल प्रचण्डले जनयुद्धका सहयोद्धालाई धोका दिएको भन्दै विद्रोह गरेका थिए । प्रचण्ड र बाबुरामले सत्ता र शक्तिलाई मात्र ध्यान केन्द्रीत गरेर जनयुद्धका घाइते, सहिद परिवार,बेपत्ताको बारेमा बेवास्ता गरेको आरोप विप्लवको थियो ।

माओवादी शान्ति प्रकृयामा आएपछि कुनै लाभको पदमा नगएको कारण उपेक्षित र उत्पीडित क्षेत्र र वर्गको समर्थन पाउन सकेका थिए। विषेश गरि युवाहरूको समर्थन पाएको हुँदा आन्दोलन अघि बढाउन सकेका हुन। संसदीय ब्यवस्थाका विकृतिको विरुद्ध आवाज उठाएर आन्दोलन गरेको शक्ति त्यही शैलीबाट अगाडि बढ्दा जनतामा घृणा पैदा हुनु स्वभाविक हो । जनताको असन्तुष्टिलाई आफ्नो पक्षमा पार्न हिंसात्मक बाटो आबश्यक थिएन । नेपालको संविधानले शान्तिपूर्ण राजनीति गर्न छुट दिएको अवस्थामा हिंसाको बाटो लिनु गलत हो । सरकारले विप्लवलाई शान्तिपुर्ण बाटोमा ल्याउन सकेकोमा बधाई दिनुपर्छ। देशको अवस्था र जनताको भावना बुझेर शान्तिपूर्ण राजनीतिमा आउने विप्लवक१ कदमलाई स्वागत गर्नुपर्छ।

नेपालका कम्युनिष्टहरूले सशस्त्र क्रान्तिबाट मात्र परिवर्तन गर्न सकिन्छ भन्ने सोचाइलाई हण्डर र ठक्कर खाएपछि शान्तिपूर्ण राजनीतिमा आएका छन । २०२८ सालमा झापालीले गरेको क्रान्तिकारी कदमलाई २०३५ सालमा नेकपा माले गठन गरि शान्तिपूर्ण आन्दोलनको बाटो रोज्यो। २०४९ मा प्रतिस्पर्धात्मक राजनीतिको बाटो अँगाल्न पुगेको थियौ । जनताको बहुदलीय जनवाद नीति लिएर नेकपा एमालेले लोकतान्त्रिक पार्टीमा दरिन पुगेको थियो । माओवादीले २०५२ सालबाट शुरु गरेको सशस्त्र जनयुद्ध २०६२/२०६३ को जनआन्दोलन पछि शान्तिपूर्ण राजनीतिमा अवतरण गरेको हो।

शान्तिपूर्ण र प्रतिस्पर्धाबाट सफलता हासिल गर्न सकिन्छ भन्ने नेकपा एमाले र नेकपा माओवादीले संविधानसभा र प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहका निर्वाचनमा हासिल गरेको विजयले प्रमाणित गरेको छ। विप्लवले पनि शान्तिपूर्ण राजनीतिबाटै जनताको मन जित्न सकिने विश्वास गरेका छन्। प्रचण्डले विप्लव पनि आफुले कोरेको बाटोमा आउने विश्वास गरेका छन। खुला परिवेशमा आएको हुँदा जनताले सवै पक्षको परीक्षा लिने छन।देशभक्तिको कुरा ब्यवहारमा देखाउन सकेमा शान्तिपूर्ण तरीकाबाटै आन्दोलन सफलतापूर्वक सम्पन्न हुनसक्छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारिरीक झमेला | तुला | : मानसिक तनाब |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मन चञ्चल | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

**कस्मेटिक एण्ड व्यूटिपार्लर बिक्रीमा**
रामबजार गौरी मार्गमा अति चालु अवस्थामा रहेको शिखा कस्मेटिक एण्ड व्यूटिपार्लर विशेष कारणवस तुः बिक्रीमा छ ।
सम्पर्कः
९८४७६६१७३५

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

**बिक्रीमा**
१२ हजार लिटर क्षमताको, बलियो र राम्रो अवस्थामा रहेको ट्याङ्कर टङ्की बिक्रीमा ।
सम्पर्कः ०६१-५२५०१३, ९८५६०२०५०९

# सुपर जनरल इन्टर क्लव टी-ट्वान्टी क्रिकेट जारी

विनय पौडेल
पोखरा, २२ फागुन

के.एन. स्पोर्टस प्रालिको आयोजना तथा सुपर जनरल कम्पनीको मुख्य प्रायोजनमा पोखरा रंगशालामा जारी अन्तर क्लव टी-२० क्रिकेट लिग अन्तर्गत शनिबार समुह'बि' का दुई खेल सम्पन्न भए। सम्पन्न खेलहरुमा मिक्समाण्डु र जनकपुरले जित हाता पारेका छन्।




पहिलो खेलमा तनुहँले मिक्समाण्डु क्रिकेट क्लवले बाग्लुङ्ग क्रिकेट क्लवलाई १० विकेटले पराजित गरेको हो । पहिला व्याटिङ गरेको बाग्लुङ्गले १९.५ ओभरमा सम्पूर्ण विकेट गुमाउनुपूर्व ७९ रनको सामान्य स्कोर खडा गर्न सक्यो । बाग्लुङ्गको तर्फबाट विश्व कार्कीले २३ रन बनाए । मिक्समाण्डुको जितमा म्यान अफ द म्याच रुपेश श्रीवास्तवले ४ विकेट लिए । मिक्समाण्डुका व्याट्स्म्यान रिबन जोशिले विस्फोटक व्याटिङ्ग गर्दै २९ बलमा अभिजित ५१ रन बनाए। उनले ७ चौका र ३ छक्का प्रहार गरेका थिए । त्यस्तै शुव कंशाकारले २३ रन बनाए।

अर्को खेलमा जनकपुर क्रिकेट क्लवले पेलिकेण्टस क्रिकेट क्लवलाई ४७ रनको फकाकिलो स्कोरले पराजित गऱ्यो । पहिला व्याटिङ्ग गरेको जनकपुले अक्वर अलिको ४४ तथा विशाल सस्लिडको ३९ रनको मद्धतमा १ सय ५९ रन बनाएको थियो। जितका लागि १ सय ६० रनको लक्ष्य पछ्याएको पेलिकेण्ट्सेले पुरा २० ओभर खेल्दै ९ विकेटको क्षतिमा १ सय १२ रन मात्रै बनाउन सक्यो। समिर कँडेलले २१ तथा दिपक डुम्रेले १८ रन जोडे। बलिङ्गतर्फ ३ विकेट समेत लिएका जनकपुरका विशाल सुस्लिङ म्यान अफ द म्याच भए। राहल प्रताप सिंहले ४ विकेट लिए। यो खेलसंगै लिग रोचक मोडमा आएको छ । सेमिफाइनलका लागि रनरेटले समेत महत्व राख्न सक्ने देखिएको छ।

# काहुँ डाँडमा एकै दिनमा १७ टोलीद्धारा ४ हजार मानिस बनभोजमा रमाउदै

विनय पौडेल
पोखरा, २२ फागुन

कोरोना भाइरसको प्रभाव विस्तारै नेपालमा कम हुदै गएसंगै विभिन्न संघ संस्थाहरुले हिउँदको समयमा सार्वजनिक बिदाको दिनमा बनभोज खाने प्रचलन पछिल्लो समयमा बढेको छ।



शनिबार पोखरा ११ को काहुँ धराहरमा बनभोज खानेहरुको भिड नै लागेको थियो। पर्यटकीय गाँउ काहुँधराहरामा बनभोज खानेको शनिबार हालसम्मकै बढी भिड भएको काहुँकोट देउराली मन्दिर तथा धराहरा संरक्षण समितिका अध्यक्ष इन्द्र बहादुर गुरुङले बताए।

सानो ठुला गरी शनिबार एकै दिनमा १७ वटा टिम बनभोज(पिकनिक) खान उक्त स्थालमा पुगेको अध्यक्ष गुरुङले बताए । बनभोज खान आउने सानो टिमबाट एक हजार ५ सय र ठुलो टिमबाट ३ हजार शुल्क लिने गरेको उनले जनाए।

काहुँडाँडमा हाल निर्माणको क्रममा रहेको बुद्धमण्डलाको खुल्ला मैदान, समितिको जग्गा देखि निजी केही व्यक्तिको खाली जमिनमा बनभोज खाने र रमाइलो गर्नेको भिडभाड शनिबार बढेको थियो । शनिबार करिब ४ हजार जना बनभोज तथा काहुँ डाँडा परिपरि घुमघाममा निस्केको अध्यक्ष गुरुङले जनाए।

पोखराको मुख्यबजार देखि नजिक रहेको र दृश्यावलोकनको लागि पनि अति उत्तम स्थल काहुँ डाँडा भएकोले आफुहरुले शनिबार काहुँडाँडामा बनभोज कार्यक्रम आयोजना गरिएको एक सहकारीका अध्यक्ष मीन गुरुङले बताए।

# ३५ युनिट रगत संकलन

विनय पौडेल
पोखरा, २२ फागुन

भाषा संघ नेपाल (ल्यान)को आयोजनामा संचालन भएको रक्तदान कार्यक्रममा ३५ युनिट रगत संकलत भएको छ। शनिबार संघद्धारा आयोजित रक्तदान कार्यक्रममा उक्त मात्रामा रगत संकलन भएको हो।




भाषा संघ नेपालका अध्यक्ष प्रकाश कुमार श्रेष्ठले कोरोना महामारीका कारण कास्कीमा देखा परेको रगत अभावलाई परिपूर्ति गर्न रक्तदान कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । उहाँले भन्नुभयो,'हामी जापानीज् भाषा क्षेत्रसँग सम्बन्धित रहेको संघले कार्यक्रम सहित केही मानवीय सेवामूलक कार्यक्रम गर्न चाहेका थियौँ, कोरोना भाईरसका कारणले केही समयको अन्तराल पछि दोस्रो पटक रक्तदान कार्यक्रम आयोजना गरेका हौं ।' संघका महासचिव मोती श्रेष्ठले कोरोना भाईरसको कारणले रगतको अभावलाई केही हदसम्म भएपनि कम गर्नको साथै जापान र नेपाल बिचको संस्कृति समेत आदानप्रदान गर्नका निम्ति कार्यक्रको आयोजना गरिएको जानकारी दिनुभयो । भाषा संघ नेपालका निर्वतमान अध्यक्ष युवराज खनालले संघको पछिल्लो गतिविधि प्रशंसनीय रहेको उल्लेख गर्नुभयो। महामारीका समयमा सामाजिक सेवामा तल्लिन हुनुले संस्थाको समाजप्रतिको दायित्वलाई दर्शाइएको उहाँको बुझाई थियो । कार्यक्रममा भाषा संघ नेपाल (ल्यान)का कार्यसमिति सदस्यहरु सहित संघमा आबद्ध करिब एक सय जनाको सहभागिता रहेको थियो जसमा ३५ जनाले रक्तदान गरेको कार्यक्रम संयोजक पूर्णचन्द्र न्यौपानेले बताउनुभयो।

# केही स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना

रासस
काठमाडौं, २२ फागुन

देशका अधिकांश भू-भागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्षा र हिमपात हुने भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार पश्चिमी वायुको आंशिक प्रभावले आज प्रदेश नं एक, वाग्मती, गण्डकी र पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका पहाडी तथा हिमाली भू-भागको एक-दुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको छ । हाल देशका केही पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भ-ूभागमा मौसम सामान्यतया सफा रहेको छ। दिउँसो प्रदेश नं १, वाग्मती, गण्डकी तथा गण्डकी प्रदेशका पहाडी तथा हिमाली भू-भागको एक-दुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको बताइएको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार शनिबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम आठ दशमलव ९ डिग्री र अधिकतम तापक्रम २४ दशमलव सात डिग्री सेल्सियस रहेको छ।

# ओटेफद्वारा महिला बन्दीलाई सामग्री हस्तान्तरण

सुदिप शर्मा पौडेल
पोखरा, २२ फागुन

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)ले संस्थाको १११औं अन्तर ाष्ट्रिय श्रमिक दिवसका अवसरमा कास्की कारागारका महिला बन्दीलाई आवश्यक सामग्री हस्तान्तरण गरेको छ।

मञ्चले कारागार परिसरमा महिला बन्दी चौकीदार बिन्दु कुँवर र निमित्त कारागार प्रमुख तप रमणमालाई राइसकुकर पङ्खा र स्यानिटरी प्याडलगायत सामग्री वितरण गरेको हो। निमित्त प्रमुखले पोखरेलले विसं २०२१ मा स्थापना भएको कारागार आजसम्म आइपुग्दा जुनरूपमा स्तरोन्नति हुनुपर्ने हो सोअनुसार हुन नसकेको बताउनुभयो। अरु निकायमा जस्तो कारागारको पूर्वाधार विकासमा राज्यले ध्यान दिन नसक्दा समस्या रहेको बताउँदै उहाँले कारागारलाई सुधारगृहका रूपमा विकास गर्नुपर्ने धारणा राख्नुभयो। कारागारको तीन ब्लकमा ९०६ कैदीबन्दीमध्ये ७२ महिला रहेको पोखरेलले जानकारी दिनुभयो । कारागारमा विभिन्न सङ्घसंस्थाले बन्दीका लागि आवश्यक सहयोग गरेको उहाँको भनाइ थियो। मञ्चका अध्यक्ष पार्वती पाण्डेले जीवनमा जानअन्जानमा विभिन्न कसुर गरेर कानूनअनुसार सजाय भोगिरहेका महिला बन्दी सीमित स्रोत र साधनका कारण विभिन्न कठिनाइसँग जुध्नुपरेको जानकारी दिनुभयो।

कार्यक्रम मञ्चका संस्थापक अध्यक्ष जमुना पराजुलीले संस्थाले महिलाको नेतृत्व तथा र नेतृत्व विकाससँगै सामाजिक उत्तरदायित्व बहन गर्दै महिला बन्दीलाई सहयोग गरेको बताउनुभयो । महिला बन्दी चौकीकार बिन्दु कुँवरले महिला बन्दीको आवश्यकता र मागलाई बुझेर सहयोग गरेकामा धन्यवाद दिनुभयो । उहाँले जीवनमा गल्ती गरेर पछुताउनुभन्दा गल्ती गर्नुअघि सोच्न सके पछुताउनु नपर्ने धारणा राख्नुभयो। संस्थाका सल्लाहकार पम्फा पहारी, सचिव ममता न्यौपानेलगायतले सस्थाको उद्देश्य र महिला श्रमिक दिवसको महत्वमाथि भनाइ राख्नुभएको थियो । कार्यक्रम संयोजक लक्ष्मी लामिछाने कार्यसमिति र सल्लाहकार सहभागिता करिब ५० हजार बराबरको सामग्री हस्तान्तरण गरेको जानकारी जानकारी दिनुभयो।

# जागीरबाट अवकाश लिएपछि कागती खेतीतर्फ

पोखरापत्र संवाददाता
तनहुँ, २२ फागुन

भेटेरिनरी अस्पताल तथा पशुविज्ञ सेवा केन्द्र तनहुँबाट पशु विकास अधिकृत पदबाट अवकाश लिएपछि रामबहादुर अधिकारी कागती खेतीतर्फ आकर्षित बन्नुभएको छ । जिल्लाको बन्दीपुर गाउँपालिका-१ बानियाटार निवासी अधिकारीले व्यावसायिकरुपमा सुन जातको कागती लगाउनुभएको हो।

करीब ३० रोपनी क्षेत्रफलमा ४०० कागतीको बोट लगाइसकेको र ६०० बोट लगाउन ७० रोपनी क्षेत्रफलमा खाडल खन्ने काम भइरहेको उहाँले बताउनुभयो । प्रतिबोट कागती रु २१५ का दरले किनेर ल्याएर उहाँले व्यावसायिकरुपमा कागती खेती शुरु गर्नु भएको हो । उहाँले भन्नुभयो, “कागतीको माग अत्यधिक रहेकाले आफू यसतर्फ आकर्षित भएको हुँ।” गत साउन महिनामा कागतीको बिरुवा रोपेपछि अहिले नै फल दिन शुरु गरे पनि पहिलो वर्ष फलेको कागती टिपेर नष्ट गरिने उहाँले बताउनुभयो। पहिलो वर्षमा फल लाग्न दिँदा बोट वयस्क भइनसक्ने हुँदा पहिलो वर्षको फल टिपेर फ्याक्नुपर्छ । उहाँले भन्नुभयो, “शुरुमा कागती खेती गर्दा करीब रु १४ लाख खर्च भइसकेको छ।”

नेपालमा उत्पादन गरिएको कागतीले एक महिना पनि नपुग्ने र भारतकै मुख ताक्नुपर्ने अवस्था भएकाले आफू यस खेतीतर्फ लागेको ुहाँको भनाइ छ। अधिकारीले गाउँमा कागती खेती थालेसँगै अन्य तीन जनाले पनि कागती खेती शुरु गरेका छन्। स्थानीय धनबहादुर रानाले ६००, पशुपति विष्टले ३०० र टेकबहादुर रानाले ३०० बोट कागतीका बिरुवा लगाइसकेका छन् । विष्टले कृषि ज्ञान केन्द्रबाट अनुदान पाएर कागती लगाएका छन् भने अन्य तीनले आफ्नै लगानीमा कागतीका बिरुवा किनेर लगाएको कृषक अधिकारी बताउनुहुन्छ।

आगामी वर्षदेखि फल दिन थालेपछि आम्दानीको माध्यम बन्ने कृषक धनबहादुरले बताउनुभयो । गाउँमा दुई चार जना कृषक मिलेर कागती खेती गर्दा कतिपय आफूले नजानेका कुरा पनि सिक्न सहज भएको उहाँ बताउनुहुन्छ। वडाका चारले व्यावसायिकरुपमा कागती खेती गरेर समुदायका अन्य मानिसलाई पनि प्रोत्साहन गर्ने कार्य भएको वडाध्यक्ष भानुभक्त पोखेलले बताउनुभयो।

# कर्मचारी अभावले सेवा प्रवाहमा समस्या

पोखरापत्र संवाददाता
लमजुङ, २२ फागुन

जिल्लास्थित मालपोत कार्यालयमा दरबन्दीअनुसारको कर्मचारी अभाव हुँदा सेवा प्रवाहमा समस्या हुँदै आएको छ। बेंसीशहर नगरपालिका वडा नं ८ फूलबारी चोकमा रहेको कार्यालयमा दरबन्दीअनुसारका कर्मचारी अभाव रहेको लामो समय भइसकेको जनाइएको छ। ।

कार्यालयमा दरबन्दीअनुसार १९ कर्मचारी हुनुपर्ने भए पनि हाल सात जना मात्रै दरबन्दीअनुसार कर्मचारी रहेको कार्यालयका मालपोत अधिकृत ईश्वरकमल श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार दरबन्दीअनुसार प्रमुख मालपोत अधिकृत एक , मालपोत अधिकृत दुई, नायब सुब्बा (नासु) तीन , खरिदार ११ , लेखापाल एक, कम्प्युटर अपरेटर एक हुनुपर्ने थियो। यीमध्ये मालपोत अधिकृत श्रेष्ठ, नासु रेशमबहादुर रिमाल, पूर्णबहादुर गुरुङ, खरिदार रुद्धप्रसाद गुरुङ, सिर्जना घिमिरे, ज्ञानराज कँडेल, लेखापालमा जनकराज पौडेल मात्र रहनुभएको छ। कर्मचारी नभएपछि दुई सहायक कम्प्युटर अधिकृत अस्थायीमा राखिएको छ भने पाँच कार्यालय सहयोग करारमा राखेको कार्यालयले जनाएको छ। कर्मचारी अभाव हुँदा सेवा प्रवाहमा ढिलासुस्ती, अनलाइन प्रणालीको काम प्रभावित, जग्गा नामसारी गर्नेलगायतका काम गर्न कठिन भइरहेको मालपोत अधिकृत श्रेष्ठको भनाइ छ । सामान्य काम एक दिनमै हुने भए पनि अन्य काम भने धेरै समय लाग्ने गरेको छ। एक दिनमै हुने जग्गानाम सारी दिन चार दिनसम्म काम सम्पन्न हुन लाग्ने गरेको छ । काम ढिलासुस्ती हुँदा सेवाग्राहीको गुनासा नै गुनासा आउने गरेको यहाँका कर्मचारीको भनाइ छ।

कर्मचारी अभावले काममा ढिलाइ हुँदा बढी सेवाग्राही भीडभाड हुने र कर्मचारीलाई बढी कामको चाप हुने गरेको छ। दिनहुँ दिन काम थपिँदै जाँदा पहिला पुराना काम गर्ने भएकाले पनि सोही दिनको काम सोही दिनमा नहुने गरेको कार्यालयले जनाएको छ।

# भुम्दीको इतिहास समेटिएको स्मारिका प्रकाशन

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

पोखरा २२ स्थित भुम्दीको इतिहास समेटेर स्मारिका प्रशासन गरिएको छ।

भुम्दीकोट समाज, पोखराले भुम्दीको एतिहासिक बस्तु सहित भुम्दीका उच्च पदस्थमा पुगेका व्यत्तिहरुको पहिचान समेत गरी स्मारीका प्रकाशन गरिएको समाजका सचिव कृष्ण बहादुर गुरुङले बताए। भुम्दीबाट बसाई सरी पोखराको मुख्य बजार क्षेत्रमा रहेका भुम्देलीहरुलाई एकिकृत पार्दै आफ्नो जन्मथलो प्रति केही गर्नु पर्छ भन्दै आफुहरुले गाँउको बारेमा समेटेर उक्त स्मारिका प्रकाशन गरिएको उनले जनाए । पोखरामा एक समारोहका बिच शनिबार उत्त स्मारिकाको विमोचन गर्दै ज्येष्ठ नागरिक एवं समाजसेवी कुल बहादुर




गुरुङले गाँउको विकासको लागि आफुहरु जहाँ पुगे पनि त्यसमा कटिवद्ध हुनु पर्ने बताए । हरेक व्यत्तिमा केही न केही खुवी हुने हुँदा आफ्नो गाँउका व्यत्तिको प्रतिभा पहिचान गर्न सक्नु पर्ने उनको भनाई थियो । समाजका सल्लाहकार संयोजक भिमबहादुर गुरुङले भुम्दीबासीका अनुज पुस्ताको लागि उत्त स्मारिका एक दस्तावेजको रुपमा रहने दावी गरे। समाजका अध्यक्ष ज्ञान बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको स्मारिका प्रकाशन कार्यक्रममा स्थानिय दीलकाजी गुरुङ, समाजका उपाध्यक्ष आशकुमारी गुरुङ लगायतले वोलेका थिए। कार्यक्रममा नृत्य समेत प्रर्दशन भएको थियो। उत्त स्मारिका प्रकाशनमा सीता कुमारी गुरुङ, गंगादेवि गुरुङ परिवारबाट सहयोग प्रप्त भएको समाजले जनाएको छ।

# एम टुवेललाई चौथो विरेन स्मृति बिटी कपको उपाधि, मनिस बने सर्बोत्कृष्ट खेलाडी

**सुदिप शर्मा पौडेल**
**पोखरा, २२ फागुन**

बुद्धटोल युवा क्लब पोखराद्वारा आयोजित 'चौथो विरेन स्मृति १४ औं बि.टी कप सेभेन ए साईड नकआउट अन्तर क्लब फुटबल प्रतियोगिताको उपाधि एम टुवेलले जितेको छ।

पोखरा महानरपालिका १ स्थित पुरानो टुडिखेलमा शनिबार सम्पन्न फाईनल खेलमा कमलपोखरी क्लबलाई ४-० को फराकिलो गोल अन्तरले पाराजित गर्दे एम टुवेलले उपाधि जितेको हो । एम टुवेलको जीतमा म्यान अफ द म्याच बनेका मनिस क्षेत्री, अविनाश तामाङ, सरोज तामाङ र मनोज गुरुङले समान १ गोलको योगदान दिए । उपाधिसँगै एम टुवेलले




शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ३२ हजार २ सय २२ प्राप्त गर्यो। भने उपविजेता बनेको कमलपोखरीले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित ८२ हजार २ सय २२ हात पार्दै चित्त बुझाउन पर्यो। उक्त प्रतियोगिताबाट एम टुवेलका मनिस क्षेत्री सर्बोत्कृट खेलाडीका रुपमा घोषित हुदै ट्रफी सहित नगद रु ५ हजार प्राप्त गरे। त्यस्तै विधागत तर्फ सोही क्लबकै रोमन थापा मगरले उत्कृष्ट गोलरक्षकको उपाधि हात पारे । सोही टिमकै मनोज गुरुङले उत्कृष्ट मिडफिल्डर, सरोज तामाङले उत्कृष्ट डिफेन्डर र आयोजक सेतोका सुनिल बिकले सर्वाधिक गोलकर्ताको उपाधि प्राप्त गर्दै जनही नगद रु ३ हजार हात पारे। कुल ४२ टिमको सहभागिता रहेको उक्त प्रतियोगिताबाट मालेपाटन एफसी अनुशासित टिमको रुपमा घोषित हुदै नगद रु ७ हजारबाट पुरस्कृत भयो। सो प्रतियोगिताबाट विजेता तथा उपविजेता बनेको टिमलाई समापन समारोहका प्रमुख अतिथि समेत रहेका नेपाली कांग्रेसका नेता तथा संविधान सभा सदस्य रामहरी खतिवडा, क्लबका अध्यक्ष विजया गुरुङ तथा क्लबका सल्लाहकारहरु लगायतले पुरस्कार वितरण गरेका थिए।

# सामुदायिक प्रहरी सेवा माटेपानीको रक्तदानमा ४१ युनिट संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

सामुदायिक सेवा केन्द्र एवं को आयोजनामा र समग्र महिला बहुउद्देश्य सहकारी संस्था पोखरा-१४ को सह प्रायोजकमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत 'रक्तदान जिवनदान जिवनदान महादान' भन्ने मुल नाराका साथ १६ औं खुल्ला रक्तदान कार्यक्रम हालै सम्पन्न भयो।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरिक्षक जिवन कुमार श्रेष्ठले रक्तदान गरौं रगतको अभावले मृत्युको मुखमा पुगेकालाई बचाऔं भन्ने धारणा राखे । सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा



-१२ माटेपानीका अध्यक्ष बल बहादुर कार्की को अध्यक्षयतामा भएको कार्यक्रममा वडा प्रहरी कार्यालय रामबजारका कार्यालय प्रमुख प्रकाश थापा, वडा नं. १४ का वडा अध्यक्ष प्रेम बहादुर कार्की, सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय कास्कीका अध्यक्ष वोधराज कार्की, केन्द्रका संस्थापक अध्यक्ष मायादेवी तभ्या, केन्द्रका निवर्तमान अध्यक्ष कृष्ण प्रसाद आचार्य, केन्द्रका सल्लाहकार बिश्वलाल श्रेष्ठ, सामुदायिक सेवा केन्द्र बगरका उपाध्यक्ष कल्पना आचार्य बास्तोला ,समग्र महिला बहुउद्देश्य सहकारी संस्थाका उपाध्यक्ष कल्पना भण्डारी, मेरो नेपाल युवा क्लब पोखरा -१४ का अध्यक्ष श्री दिवश कुवर, समाज सुधार आमा समुह पोखरा -१४ का अध्यक्ष लक्ष्मी कार्की, चाउथे बहुउद्देश्य सामाजिक भवन समिति पोखरा-१४ का अध्यक्ष खड्ग बहादुर कार्की लगायतले वोलेका थिए। कार्यक्रममा पुरुष २७ जना महिला १४ जना जम्मा ४१ जनाले रक्तदान गरेको कार्यक्रमको संयोजक सबिना अधिकारी क्षेत्री स्वागत मन्तब्य उपाध्यक्ष मिरा देवी आचार्य र सचिव ईन्दिरा पन्तले संचालन गरेकी थिइन।

# पश्चिम नेपाल र पोखरा विच पर्यटन सहकार्यको प्रस्ताव

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ फागुन**

आपसी पर्यटकीय लाभका लागि धनगढी र कंचनपुरका ब्यबसायी पोखराका पर्यटन ब्यबसायीसँग सहकार्य गरेर अगाडि बढ्न तयार देखिएका छन्।

जाउँ है पोखरा अभियान अन्तरगत संचालित आन्तरिक पर्यटन पुनःउत्थान तथा पर्यटन प्रबर्द्धन कार्यक्रमका अवसरमा पोखरा र यहाँका ब्यबसायीहरु पर्यटनबाट लाभ लिन मिलेर अघि बढ्न तयार भएका हुन्। यसका लागि सबै भन्दा पहिला नेपाल भारत सिमा नाका खोल्नुपर्ने माग ब्यबसायीको छ। कोभिड- १९ का कारण लामो समय देखि भारतसँगको सिमा नाका बन्द हुँदा भारतीय पर्यटक चाहेर पनि नेपाल भ्रमण गर्न पाएका छैनन् । पश्चिमका ब्यवसायीहरुले यहाँबाट सहज रुपमा भारतीय र नेपाली पर्यटक पोखरा पुऱ्याउने र पोखरेली ब्यवसायीले विदेशी तथा स्वदेशी पर्यटक यता पठाउने प्रस्तावमा समेत चर्चा गरिएको थियो। यसका लागि ब्यवसायीले कनेक्टिभिटीमा जोड दिएका छन् । पोखरासम्म सिधा बस र हवाई सेवा भए पर्यटक आउजाउमा सहज हुने उनीहरुको भनाई छ। यही फागुन ७ गतेदेखि पोखरा नेपालगंज रुटमा सीता एयरले हप्तामा दुई दिन चार्टर्ड उडान थालेको छ। यस्तै उडान धनगढीबाट सुरु गर्न पहल गरिने ब्यवसायीले बताएका छन्। नाका खुले बुद्ध एयरले पनि त्यस्तो उडान थाल्ने आश्वासन सुनाएको छ। धनगढीमा आयोजित कार्यक्रममा बोल्दै आयोजक पश्चिमान्चल होटल संघ पोखराका अध्यक्ष विकल तुलाचनले पश्चिम नेपाल र पोखरा विच हवाई सेवा विस्तार र नियमित गर्न निजी क्षेत्रले पहल अगाडि बढाउनु पर्ने बताए। कोभीड- १९ बाट थला परेको पर्यटनलाई जगाउन पश्चिम नेपालमा प्रबर्द्धन कार्यक्रम आयोजना गरिएको उनले जानकारी दिए। झण्डै तीन महिना अघि संघले पूर्वी नेपालका विभिन्न शहरमा पनि यस्तै प्रबर्द्धन कार्यक्रम आयोजना गरेको थियो।

संघको सल्लाहकार समितिका संयोजक हरि शर्मा गैह्रेले आन्तरिक पर्यटकको महत्व सरकारले बल्ल बुझ्न थालेको भन्दै पर्यटनलाई अगाडि बढाउन ब्यबसायी विच सहकार्य जरुरी भएको बताए। ब्यबसायी विच सम्बन्ध विस्तार र कनेक्टिभिटीमा जोड दिन आफूहरुले कार्यक्रम लिएर आएको संघका निवर्तमान अध्यक्ष एबं होटल संघ नेपालका सदश्य भरतराज पराजुलीले जानकारी दिए । होटल ब्यबसायी संघ धनगढीका अध्यक्ष कलम बमले सिमा नाका खोल्ने विषयलाई प्राथमिकता दिनु पर्ने भनाई राखे। कैलाली उद्धोग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुँवरले निजी क्षेत्रले सरकारको मात्र मुख ताकेर बस्न नहुने बताए।

प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई सुदुर पश्चिमका प्रमुख भोजराज पाठकले हवाई र सडक यातायात पर्यटनका लागि उत्तिकै आबश्यक पर्ने बताए । कन्चनपुरमा आयोजित कार्यक्रममा होटल ब्यबसायी महांघका पर्यटन सचिव एबं पर्यटन पुनःउत्थान समितिका सह-संयोजक परमानन्द भण्डारीले पर्यटन विकासका लागि प्याकेजहरु बनाएर अगाडि बढ्नु पर्ने सुझाव राखे । होटल ब्यबसायी संघ कन्चनपुर अध्यक्ष जगदीशचन्द्र भट्टले शुक्लाफाँटलगायत पर्यटकीय सम्पदाले यस क्षेत्रको महत्व बढाएको बताए । उद्धोग वाणिज्य संघ कंचनपुरका उपाध्यक्ष हेमराज जोशी, पत्रकार मोहन विष्ट लगायतले कार्यक्रममा भनाई राखेका थिए। नेपाल पर्यटन बोर्डको प्रबर्द्धनमा संचालित चार दिने प्रबर्द्धन कार्यक्रम सोमबार सकिँदैछ। कार्यक्रममा नेपाल पर्यटन बोर्डका सदश्य विप्लव पौडेलको पनि उपस्थिती रहेको थियो। कार्यक्रमको संचालन पश्चिमान्चल होटल संघका महासचिव गणेशराज पहारीले गरेका थिए।

# पुरानै लयमा फर्कियो तातोपानीको पर्यटन

**–सन्तोष गौतम**
**म्याग्दी, २२ फागुन (रासस)**


प्राकृतिक उपचार स्थलका रूपमा परिचित बेनी नगरपालिका-४ तातोपानीको पर्यटन व्यवसाय पुरानै लयमा फर्किएको छ। कोरोना भाइरसको जोखिम र रोकथामका लागि गरिएको बन्दाबन्दीका कारण सुनसान बनेको तातोपानीमा स्नान गर्नेको घुइँचो लागेको छ। विसं २०७६ चैत पहिलो हप्तादेखि बन्द भएको तातोपानी गत माघ १ गतेदेखि खुला गरिएको थियो।

तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रमान शाक्यले बन्दाबन्दी हुनुअघिकै सङ्ख्यामा पाहुना स्नानका लागि आउन थालेका बताउनुभयो। "दश महिना बन्द भएको तातोपानी कुण्ड अहिले पुरानै अवस्थामा फर्किएको छ", उहाँले भन्नुभयो, "कोरोनापछि यति धेरै मानिस आउँछन् जस्तो लागेको थिएन।" समितिको तथ्याङ्कअनुसार हाल तातोपानी कुण्डमा दैनिक एक हजार ५०० जनाले स्नान गरेका छन्। चाप बढेकाले तीन समूह बनाएर स्नान गर्ने व्यवस्था मिलाइएको छ। म्याग्दी, बागलुङ, पर्वत, कास्की, काठमाडौंलगायत देशका सबैजसो जिल्लाबाट स्नान गर्न आउने गरेका छन्। तातोपानी बजारका होटल र घरबास पाहुनाले भरिभराउ भएका होटल व्यवसायी कुमार केसीले बताउनुभयो। दुई सय घरधुरी भएको तातोपानीमा १० होटल छन्। सबैजसो घरमा घरबास सुविधा छ। होटलसँगै व्यापार व्यवसाय पुरानै लयमा फर्किएको व्यवसायी केसीले बताउनुभयो। ज्वरो, रुघाखोकी लागेको हुननपर्ने र मास्कको प्रयोग अनिवार्य प्रयोग गर्नुपर्ने मापदण्ड बनाइएको छ। म्याग्दी नदीको किनारमा जमीनभित्रबाट बिरेनूनको गन्धमा निस्कने ५० डिग्री सेल्सियस तातोपानी सङ्कलन गरिएको तलाउमा एकपटकमा ३५० देखि ४०० जनाले स्नान गर्न सक्ने क्षमता छ। ग्यास्ट्रिक, बाथरोग, ढाड दुख्ने, छाला, सुन्निएको, बज्ररिएको, मर्किएको, पेट दुख्ने, खाना रुचि नहुनेलगायतका स्वास्थ्य समस्या निको हुने भएकाले तातोपानीमा स्नान गर्न आएको बागलुङको निसीखोला गाउँपालिका-४ की कली विकले बताउनुभयो। ग्यास्ट्रिक, बाथरोथ (युरिकएसिड), ढाड दुख्ने, छालासम्बन्धी विविध रोग, सुन्निएको, बज्रिएर चोट लागेको, मर्किएको, पेट सुन्निने, गलगाँड र एसाइटिस जस्ता स्वास्थ्य समस्या निको हुने गरेको बिरामी बताउँछन्। यस स्थानमा बिरेनून र गन्धक (सल्फर) तत्वसहितको ४५ देखि ५७ डिग्री सेल्सियस तातोपानी निस्कने मुहान रहेको छ।

गन्धक आफैंमा एक प्राकृतिक एन्टिबायोटिक भएको हुनाले कुण्डमा स्नान गर्दा एक व्यक्तिमा भएको रोग अर्को व्यक्तिमा सर्ने सम्भावना कम हुने अध्यक्ष शाक्यले बताउनुभयो। एक दिनमा दुईपटक दुई/दुई घण्टाका दरले तातोपानीको कुण्डमा शरीरलाई डुबाएर स्नान गरेपछि बाहिर निस्किएर पाँच-दश मिनेटसम्म पछ्यौरा, बलाङ्केट, प्लास्टिक, काम्लो आदि न्यानो कपडा ओढेर शरीरबाट चिटचिट पसिना निस्कँदासम्म विश्राम गरिन्छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. १९९३/०९/०७ गते

स्वर्गारोहणः
वि.स. २०७७/११/११ गते

**स्वः दुर्गा बहादर श्रेष्ठ**

यस श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका आजिवन सदस्य सहित तथा समाजसेवी सहित यस धार्मिक वनका पूर्व वन हेराला कर्मचारी **दुर्गा बहादुर श्रेष्ठ** (नेवार कान्छा दाइ) को असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा यस धार्मिक वनको वगैचा सुधार सहित वृक्षारोपण गरी वन हुर्काउन पुऱ्याउनु भएको अतुलनीय योगदानको सम्झना गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन भनी भगवती भद्रकाली मातासँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।
कालीमाताले हामी सबैको कल्याण गरुन्।

टिका बहादर कार्की
अध्यक्ष तथा
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा-१२/१३**



त्रिभुवन विश्वविद्यालय
## वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस, पोखरा

## शिलबन्दी दरभाउ पत्र आब्हानको सूचना

**1 Lan Networking गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसका छात्रावास र कक्षा कोठाहरुमा ईन्टरनेट पहुँचका लागि Lan Networking र Fiber सम्बन्धी काम गर्नुपर्ने भएको हुँदा अनुमानित लागत भ्याट सहितको रु ११,२७,८२५।- मा नबढाई कामकाज गर्न ईच्छुक, कालो सूचीमा नपरेका र ईन्टरनेट Networking सम्बन्धी कामको अनुभवी ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७७।१२।०८ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**2. Equipment सप्लाई गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसका छात्रावास र कक्षा कोठाहरुमा ईन्टरनेट पहुँचका लागि भएको Lan Lan Networking मा आवश्यक Equipment सप्लाई गरी जडान गर्नुपर्ने भएको हुँदा अनुमानित लागत भ्याट सहितको रु ८,९९,४८०।- मा नबढाई सप्लाई गरी जडान गर्न इच्छुक, कालो सूचीमा नपरेका र ईन्टरनेट Networking का समानहरु सप्लाई गर्न इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७७।१२।०८ गते भित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**3. CCTV जडान सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पस परिसर भित्र विभिन्न एघार स्थानहरुमा CCTV जडान गुर्नुपर्ने भएको हुँदा अनुमानित लागत भ्याट सहितको रु ३,५४,०००।- मा नबढाई CCTV सप्लाई गरी जडान गर्न इच्छुक, कालो सूचीमा नपरेका अनुभवी इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७७।१२।०८ गते भित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

निमित्त क्याम्पस प्रमुख